क) छुट सहितको नगद खाता (Cash book with discount column)

ख) वैंक र छुट सहितको नगद खाता (Cash book with discount and bank column)

ग) नगद र वैंक सहितको नगद खाता (Cash book with cash and bank column)

३) तीनमहलीय नगदी वही (Triple Column cash book)

४) सानो नगदी कोष खाता (Petty cash book)

१) **एकमहलीय नगद खाताः** यस खातामा केवल नगद प्राप्ति र नगद भूक्तानीको लेनदेनहरूको मात्र हिसाव राखिन्छ । यसलाई निम्न नमूनाबाट स्पष्ट पार्न सकिन्छ ।

**XYZ Company**
**Head Office**
**Cash Book**

**Dr.** **Cr.**

| Date | Particulars | C.F | Rs | Date | Particulars | C.F | Rs |
|---|---|---|---|---|---|---|---|
| | To. Ram A/C | | | | By Salary A/C | | |

२) **दुईमहलीय नगद खाता (Double Column Cash Book)**

नगद खाताको दुवै side डेविट र क्रेडिटमा दुई दुई वटा महल भएको खातालाई दुईमहलीय नगद खाता भनिन्छ ।

क) **छुट सहितको नगद खाता (Cash book with discount and cash column)**

खाताको दुवै साइड डेविट र क्रेडिटमा छुट (Discount) र नगद (Cash) दुई महल भएको खातालाई, दुईमहलिय नगद खाताअन्तर्गत छुट सहितको नगद खाता भनिन्छ । यसलाई निम्न नमूनाबाट स्पष्ट पार्न सकिन्छ ।

**XYZ Company**
**Cash Book with Discount and Cash Column**

**Dr** **Cr.**

| Date | Particulars | L.F | Discount | Cash Rs | Date | Particular | L.F | Disccount Rs | Cash Rs |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

Question Bank Nepal

**ख) बैंक र छुट सहितको नगद खाता (Cash book with bank and discount)**

यस खाताको दुवै पक्ष डेबिट क्रेडिट साइडमा Bank र Discount दुई महल भएको खाता हुन्छ । यसलाई निम्न नमूनाबाट स्पष्ट पार्न सकिन्छ:

**XYZ Company**
**Cash Book with Bank and Discount Column**

Dr. Cr.

| Date | Particulars | L.F | Discount | Bank Rs. | Date | Particular | L.F | Disccount Rs | Bank Rs |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

**ग) नगद र बैंक सहितको नगद खाता (Cash book with cash and bank column)**

**XYZ Company**
**Cash Book with Cash and Bank Column**

Dr. Cr.

| Date | Particulars | L.F | Cash Rs | Bank Rs | Date | Particular | L.F | Cash Rs | Bank Rs |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

**३) तीनमहलीय नगद खाता (Triple Column Cash Book)**

यस खाताको दुवै पक्ष डेबिट र क्रेडिट साइडमा Cash, Bank र Discount गरी ३-३ वटा महल भएको हुन्छ । यस खातालाई Cash book with cash, bank and discount column पनि भनिन्छ । व्यवसायले आफ्ना कारोवार नगद तथा बैंक दुवै मार्फत गर्दछन् । यसरी कारोवार गर्दा छुटसम्बन्धी पनि कारोवार हुने भएकाले ३ वटा महल राखी खातामा प्रविष्टि गरिन्छ । यसलाई निम्न नमूनाबाट स्पष्ट पार्न सकिन्छ ।

**XYZ Company**
**Triple Column Cash Book**

Dr. Cr.

| Date | Particulars | L.F | Discount Rs | Cash Rs | Bank Rs | Date | Particular | L.F | Discount Rs | Cash Rs | Bank Rs |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

Question Bank Nepal

## सानो नगदी कोष (Petty Cash Book)

व्यवसायले दिनहुँ विभिन्न तरिका स-साना खर्चहरू गरिराख्नु पर्ने हुन्छ र गरिराखेको पनि हुन्छ । ती सबै साना खर्चहरूलाई चेक काटी बैंक मार्फत भूक्तानी गर्दा अव्यवहारिक तथा झन्झटिलो हुन जान्छ । त्यसकारण व्यवहारिक कठिनाईलाई दृष्टिगत गरी दैनिक कार्य सञ्चालन गर्नका लागि हरेक व्यवसायिक संस्था, फर्महरूमा सानो नगदी कोषको स्थापना गरिएको हुन्छ ।

सानो नगदी कोष भनेको त्यस्तो कोष हो जसंबाट सानातिना रकमहरूको लागि नगदै भूक्तानी गर्ने कार्य हुन्छ । सानातिना खर्च जस्तै: हुलाक टिकट, कुरिएर खर्च, रिक्सा भाडा, चिया, जलपान खर्च, ट्याकसी भाडा, यी खर्चहरू बैंक मार्फत भूक्तानी सम्भव हुँदैन र सानो नगदी कोष मार्फत भुक्तानी गरिन्छ ।

व्यवसायिक संस्था, फर्ममा साना तिना कार्य सञ्चालनको निमित कुनै पनि कठिनाई र वाधा अड्चन नआउन भन्ने लक्ष्य राखी संचालन गरिने यो कोषले दैनिक कार्य संचालनमा ठूलो सघाउ पुऱ्याउने कारणबाट आजभोलि यो कोषको महत्त्व हुन गएको छ ।

सानो नगदी कोष खडा गर्नका निम्ति व्यवसायको कामको प्रकृति अनुसार रु ५००।-, वा रु १०००।- वा रु ५०००।- सम्म कुनै एक जना कर्मचारीलाई नगद जिम्मामा दिइन्छ । सो नगदी कोषबाट खर्च हुँदै जाँदा कम हुन गएमा खर्चहरूको विवरण पेश गरी खर्च बराबरको रकम पुन: सोधभर्ना वापत पाउँछ ।

## ३) विभिन्न प्रकारका खाता

आधुनिक लेखाप्रणाली सन् १४९४ मा इटालीका Luca De Bunrga Pocioli ले Summa De Arethemetiea (Account Keeping) नामक पुस्तक प्रकाशन गरेपछि शुरुवात भएको मानिन्छ । यस पुस्तकमा आधुनिक लेखा प्रणाली (दोहोरो लेखा प्रणाली) का आधारभूत विषयवारे उल्लेख गरिएकोले यसबाटै आधुनिक लेखा प्रणाली प्रारम्भ भएको भनी मान्दै आइएको हो । लेखाले वित्तीय स्वभाव भएको कारोवार वा घटनाहरुलाई अभिलेखीकरण गर्ने, वर्गीकरण गर्ने र सारांश निकाल्दै व्याख्या विश्लेषण गर्ने कला हो । दोहोरा लेखा प्रणाली दोहोरो सिद्धान्तमा आधारित छ । दोहोरो लेखा प्रणाली अन्तर्गत हरेक कारोवारमा डेविट र क्रेडिट दुई पक्ष समावेश हुन्छन् । एक पक्षले दिंदा अर्को पक्षले लिने भई त्यसको दुई पक्षमा असर पर्न जान्छ । अर्थात एकातिर आम्दानी हुँदा अर्कातिर खर्च हुन्छ । यस प्रकार जुनसुकै कारोबारमा पनि केही आउने र केही जाने बराबर रकम हुने भएकोले दोहोरो लेखा प्रणाली अनुसार डेविट र क्रेडिट सँधै बराबर हुन जान्छ । यसरी दोहोरो लेखा प्रणालीले यथार्थ कारोवार झल्काउने भएकाले नै यस प्रणालीलाई वैज्ञानिक र सर्वश्रेष्ठ प्रणाली मानिएको छ ।



Question Bank Nepal

दोहोरो लेखा प्रणाली अन्तरगत कारोवारलाई डेबिट र क्रेडिट गर्ने आधार खाताहरुको परम्परागत वर्गीकरणले निर्देशित गर्ने गरेको छ । खाताहरुको वर्गीकरण निम्नानुसारले गर्ने गरिएको पाइन्छ :




१. **व्यक्तिगत खाता (Personal accounts):** व्यक्तिगत कारोवार, फर्म वा कम्पनीसँगका कारोवारको अभिलेखांकन, तिनको जाँच र प्रतिवेदन व्यक्तिगत खाता अन्तर्गत गरिन्छन् । व्यक्तिगत खातालाई पनि विभिन्न तीन वर्गमा विभाजन गरी अध्ययन गर्ने गरिएको पाइन्छ ।

१.१ **प्राकृतिक व्यक्तिको व्यक्तिगत खाता (Natural person's personal accounts):** निजी व्यक्तिहरुले बैंक तथा वित्तीय संस्थाहरुमा खोलेका खाताहरु यस अन्तर्गत पर्दछन् । उदाहरणका लागि बचत खाता, मुद्धति खाता, कल खाता आदिलाई लिन सकिन्छ ।

१.२ **अप्राकृतिक व्यक्तिको व्यक्तिगत खाता (Artifical person's personal accounts):** अविच्छिन्न उत्तराधिकारवाला लिमिटेड कम्पनी, बैंक, फर्म, संस्था, सरकारी अंग, गैह्र नाफामूलक संस्था, क्लव आदिका नाममा संचालित खाताहरु यस अन्तर्गत पर्दछन् ।

१.३ **प्रतिनिधिमूलक व्यक्तिगत खाता (Representative personal accounts):** कुनै निश्चित समयमा कुनै निजी व्यक्तिलाई दिनुपर्ने र कुनै निजी व्यक्तिबाट प्राप्त गर्नुपर्ने वा कुनै निश्चित शीर्षकमा हुने गरिने आम्दानी र खर्चका कारोवारहरु यस अन्तर्गत पर्दछन् । उदाहरणका लागि बक्यौता (तिर्नुपर्ने) ज्याला रकम, पहिले तिरी जनाइएको बीमा रकम (Pre-paid inssurance accounts) आदिलाई लिन सकिन्छ ।

Question Bank Nepal

२. **वास्तविक खाता (Real accounts)**: यस अन्तरगत भौतिक वस्तु जो स्पष्ट देखिन्छन, छुन सकिन्छ वा प्रकट हुन्छन र ठीक त्यस्तै अस्पृश्य (नदेखिने वा अभौतिक) वस्तु वा चिजको लेखांकन तिनको जाँच र प्रतिवेदन गरिन्छ। व्यक्तिगत खातालाई २ वर्गमा विभाजन गरी अध्ययन गर्ने गरिएको छ।

२.१ **भौतिक/स्पृश्य खाता (Tangible Accounts)**: यस अन्तरगत छुन, देख्न, किन्न, बेच्न सकिने वस्तुहरुको कारोवारको लेखांकन गरिन्छ। ती हुन: वस्तुहरु, नगद, घर/बंगला, मेशिनरी आदि।

२.२ **अभौतिक/अस्पृश्य खाता (Intangible accounts)**: यस अन्तरगत ख्याति, प्याटेन्ट र कपी राइट, ट्रेड मार्क आदि पर्दछन्।

३. **नामिक (अनेक नामका) खाता (Nominal accounts)**: यस अन्तरगत घाटा (Losses), नाफा (Gains), खर्च (Expenses) र आम्दानी (incomes) का कारोवारहरु समाविष्ट गरिन्छन्। यसका उदाहरण भाडा, तलब, ज्याला, कमिशन, व्याज, खराब कर्जा आदि हुन।

माथि उल्लेखित विभिन्न प्रकारका खाताहरुका कुन कुन कारोवारलाई डेविट र कुन कुन कारोवारलाई क्रेडिट गर्नु पर्ने हो भन्ने सबालमा त्यसको मान्य नियम यस प्रकार रहेको छ :

**डेबिट र क्रेडिटको नियम**

| Name of Accounts | Debit | Credit |
|---|---|---|
| Presonal accounts | the receiver | the giver (supplier) |
| Real accounts | What comes in | What goes out |
| Nominal accounts | Expenses & losses | Income & gains |

## ४) सन्तुलन परीक्षण (Trial Balance)

व्यवसायको आर्थिक कारोबारहरू शुरुमा जर्नल भौचरको आधारमा उठाइन्छ। जर्नल भौचरको सहायताबाट विभिन्न शिर्षकका खातामा प्रविष्टि वा अभिलेख राखिन्छ। त्यसकारण आर्थिक कारोवाहरूका लागि तयार गरिएका (Posting) प्रारम्भिक अभिलेखहरू ठीक छन् या छैनन् र सम्बन्धित खाताहरूमा ठिकसँग प्रविष्टि वा अभिलेख गरिए गरिएनन् सो को परिक्षण गरी शुद्धता (Accuracy) जाँच गर्ने विधि नै सन्तुलन परिक्षण (Trial Balance) हो। साधारण भाषामा भन्ने हो भने खाताहरूमा प्रविष्टि गरिएका रकमहरू ठीक ठीक स्थानमा छन् छैनन् र डेबिट र क्रेडिटको अङ्क एक अर्काका बराबर भए नभएको जाँच्ने तरिकालाई सन्तुलन परिक्षण भनिन्छ। यहि डेविट र क्रेडिटको अङ्क बराबर छैन भने सम्पूर्ण खाताहरूमा प्रविष्टि गरिएका भौचरहरू हेर्नुपर्ने



Question Bank Nepal

हुन्छ । सन्तुलन परिक्षणको बारेमा J.R. Batliboi अनुसार "Trial Balance is a list of balances debit or credit standing in the books of a trader at any given date. "एक निश्चित मितिमा कुनै व्यापारीका वहीहरूको समस्त Debit अथवा Credit मौज्दातको सूचीलाई सन्तुलन परिक्षण भनिन्छ ।

आर्थिक कारोवारको सिलसिलामा जानेर वा नजानेर लेखामा त्रुटीहरू तथा गल्तीहरू हुन सक्तछन् । यस्तो अवस्थामा गणितीय अशुद्धता (Arithmetical error) तथा गलत प्रविष्टिहरू (Wrong Posting) भए गरेमा समयमानै पत्ता लगाई लेखामा शुद्धता (Accuracy) कायम गर्न पनि Trial Balance को आवश्यकता पर्दछ । त्यसैले सन्तुलन परिक्षणलाई "The check of artithmatical accuracy of ledgers" र "A list of debit and credit balances of ledgers" पनि भन्ने गरिन्छ । यसलाई व्यवसायको प्रकृति अनुसार हेरेर प्रति महिना, प्रति ६ महिना तथा वर्षको अन्तमा तयार गरिन्छ ।

**सन्तुलन परिक्षणको उद्देश्यहरू**

१) वही खाताहरूमा दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरूप तथा लेखा नीति अनुरूप तयार गरिएको छ छैन भनि जाँच गर्न,

२) गणितीय शुद्धतालाई पत्तो लगाउन,

३) अन्तिम खाता तयार गर्ने आधार,

४) सबै खाताहरूको सारांश खिच्नु,

**सन्तुलन परीक्षण तयार गर्ने तरिकाहरू (Methods of Preparing Trial Balance)**

विशेष गरी सन्तुलन परीक्षण निम्न लिखित तीन तरिकाबाट तयार गरिन्छन् ।

**क) खाताहरूको बाँकी मौज्दात रकमबाट (Trial balance by balances of various ledger accounts)**

सन्तुलन परिक्षण तयार गर्ने क्रममा सर्वप्रथम पहिले खाताहरूमा रहेको मौज्दात रकम निकालिन्छ र खाताहरूमा मौज्दात रकम डेविट भएमा डेविट साइडमा र क्रेडिट भए क्रेटिड साइडमा सम्बन्धित शिर्षक अनुसार सारिन्छ र दुवै डेविट र क्रेटिड साइडका रकमहरूलाई जम्मा गरिन्छ । यसरी जम्मा गर्दा दुवै पक्षको बराबरी हुनुपर्छ । तल सन्तुलन परीक्षाको नमूना दिइएको छ ।

**Trial Balance of ............. (Firm's Name)**

**As at ................ (Date)**

| S.N | Particulars (Name of Ledgers) | L.F | Dr. (Balance Rs) | Cr. (Balance Rs) |
|---|---|---|---|---|
| | | | | |



Question Bank Nepal

**ख) खाताहरूको डेबिट र क्रेडिट पक्षको कुल जम्माजम्मी रकमबाट (Trial Balance by total of debit and credit side of various ledger accounts)**

यस अनुसार विभिन्न खाताहरूको डेबिट र क्रेडिट साइडमा कुल जम्माजम्मी रकम निकालिन्छ र सन्तुलन परिक्षणमा सोही रकमलाई डेबिट पक्षको कूल रकम डेबिट पक्षमा र क्रेडिट पक्षको कूल रकम क्रेडिट पक्षमा नै सारिन्छ र डेबिट र क्रेडिट पक्षमा Total गरिन्छ जुन जम्मा गरेको रकम छ त्यो डेबिट क्रेडिट बराबर हुनुपर्छ ।

**ग) मिश्रित पद्धतिबाट (Mix Method)** : यसमा दुवै Balancing Method र Totalling Method लाई अपनाईन्छ ।

**सन्तुलन परीक्षण तयार पार्ने विधिहरू**

सन्तुलन परीक्षण तयार गर्ने मूलत: निम्न दुई विधिहरू रहेका छन् ।

**(क) खाताहरूको डेबिट र क्रेडिट बीचको फरक रकम मात्र राखेर**

गोश्वारा भौचरको आधारमा प्रत्येक खाता शीर्षकमा आधारित रहेर खाता (Ledger Account) तयार गरिन्छ । प्रत्येक खाताको डेबिट र क्रेडिटमा विवरण प्रविष्टि गरिसकेपछि दुवै पक्षको कुल जोड गर्दा जति फरक रकम आउँछ त्यही फरक रकमलाई सन्तुलन परीक्षणमा समावेश गरिन्छ । यदि खाताको डेबिट पक्ष भन्दा क्रेडिट पक्ष बढी भएमा बढी भएको रकम सन्तुलन परीक्षणको क्रेडिट पक्षमा राखिन्छ भने क्रेडिट पक्ष भन्दा डेबिट पक्ष बढी भएमा फरक भएको रकम सन्तुलन परीक्षणको डेबिट पक्षमा राखिन्छ । खाताहरूको सबै फरक रकम समावेश गरिसकेपछि सन्तुलन परीक्षणको दुवै पक्षको कुल जोड निकालिन्छ, डेबिट पक्षको कुल जोडसँग क्रेडिट पक्षको कुल जोड बराबर हुनुपर्दछ ।

**(ख) खाताहरूको डेबिट र क्रेडिट दुवै पक्षको कूल रकम राखेर**

विभिन्न खाताहरूको डेबिट र क्रेडिट पक्षमा आएको कूल जोड रकमलाई सन्तुलन परीक्षणको दुवै पक्षमा सारेर सन्तुलन परीक्षण तयार गरिन्छ । अर्थात खाताहरूको डेबिट पक्षको कूल जोड रकमलाई सन्तुलन परीक्षणको डेबिट पक्षमा र खाताहरूको क्रेडिट पक्षको कूल जोड रकमलाई सन्तुलन परीक्षणको क्रेडिट पक्षमा समावेश गरिन्छ । यस विधि अनुसार पनि सन्तुलन परीक्षणको डेबिट र क्रेडिट दुवै पक्षको कूल रकम भने बराबर हुनुपर्दछ ।

**सन्तुलन परीक्षण नमिल्ने कारणहरू**

सन्तुलन परीक्षण नमिल्ने कारणहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- खाताहरूमा गलत रकम समावेश भएमा,



Question Bank Nepal

- खाताहरूमा कुल जोड गर्दा गल्ति भएमा,
- खाताहरूको मौज्दात निकाल्न गल्ति भएमा,
- खाताहरूबाट सन्तुलन परीक्षणमा गलत रकम सारिएमा,
- सन्तुलन परीक्षणको रकममा जोड गर्दा गल्ति भएमा,
- सन्तुलन परीक्षणमा खाताहरूको रकम लेख्न छुट भएमा,

**सन्तुलन परीक्षण मिलाउने तरिका**

सन्तुलन परीक्षण विभिन्न कारणहरूले गर्दा नमिल्न सक्छ। सन्तुलन परीक्षण नमिलेमा अन्तिम खाता तयार गर्न कठिन हुने भएकाले त्यसका सम्भावित त्रुटिहरू पत्ता लगाइ मिलाउनुपर्दछ। सन्तुलन परीक्षण नमिलेमा तलका तरिकाहरू अपनाइ त्रुटि पहिचान गर्न सकिन्छ।

- सन्तुलन परीक्षणको डेबिट र क्रेडिट दुवै पक्षका रकमहरूलाई पुन: दोहोऱ्याएर हेर्ने,
- खाताहरूबाट रकम सार्न गल्ति भएको हो कि ? वा खाताहरूको जोड वै गलत भएको हो, जाचेर हेर्ने,
- अघिल्लो वर्षको बाँकी मौज्दात ठीकसँग उतारिएको छ छैन हेर्ने,
- सन्तुलन परीक्षणको डेबिट र क्रेडिटको कूल जोडको फरक रकम खाताहरूमा छ छैन हेर्ने,
- सन्तुलन परीक्षणको डेबिट क्रेडिटको कूल जोडको फरक रकमलाई २ ले भाग गरेर सो रकम सन्तुलन परीक्षणको बढि भएको पक्षमा छ छैन हेर्ने,
- सन्तुलन परीक्षणको जम्माको फरक रकमलाई ९ ले भाग गर्ने र सो अंकले भाग गर्दा निशेष हुने गरी भाग लागेमा सो रकम प्रविष्टि गर्दा अन्यत्र कतै पर्ने गरी लेखिएको वा सारिएको हुन सक्दछ।
- खाताहरूमा गरिएको प्रविष्टि ठीक छ छैन जाँच गर्ने।

माथि उल्लेखित तरिकाहरू अपनाई त्रुटि पत्ता लगाई सन्तुलन परीक्षण मिलाउन सकिन्छ। यति गर्दा पनि सन्तुलन परीक्षण नमिलेमा तत्काललाई उचाती खाता (Suspense Account) खोलेर जुन पक्षमा जति रकम घटी भएको हो सो वरावरको रकम थपी सन्तुलन परीक्षणको दुबै पक्षलाई बराबर पार्नुपर्दछ। तर पछि विस्तृत रुपवाट गोश्वारा भौचर, खाताहरूको परीक्षण गरी गल्ति पत्ता लगाउनुपर्दछ। सो गल्ति पत्ता लागेपछि उचाती खातालाई बन्द गर्नुपर्दछ।

सन्तुलन परीक्षणको डेबिट र क्रेडिट पक्षको कुल जोड बराबर हुनुपर्दछ। तर लेखा अभिलेखांकनको क्रममा त्रुटि भएमा बराबर नहुन सक्दछ। खाताहरूको जोड गर्दा गल्ती भएमा, सन्तुलन परीक्षणको रकममा जोड गर्दा गल्ती भएमा, सन्तुलन परीक्षणमा खाताहरूको रकम लेख्न छुट भएमा वा गलत रकम लेखिएमा जस्ता कारणहरूले गर्दा सन्तुलन परीक्षण नमिल्न सक्छ, यस्ता गल्तिहरूलाई सन्तुलन परीक्षणवाट पत्ता लाग्ने

Question Bank Nepal

गल्तिहरू भनिन्छ। यदि सन्तुलन परीक्षणको डेबिट र क्रेडिट दुवै पक्ष बराबर नभएमा यसता गल्तिहरू पत्ता लगाइ यथार्थ लेखांकन प्रतिवेदन तयार गर्न र गल्ति सच्याइ हिसाब किताब यथार्थपरक बनाउन सकिन्छ।

**सन्तुलन परीक्षणबाट सच्याउन नसकिने त्रुटीहरू**

सन्तुलन परीक्षण नमिलेको अवस्थामा हिसाब किताबमा गल्ति भएको छ भन्ने पक्का थाहा हुन्छ। तर सन्तुलन परीक्षण मिल्दैमा पनि हिसाब किताब पूर्णरुपमा सहि छ भन्न सकिदैन। दुवै पक्षमा बराबर रकमको गल्ति भएमा सन्तुलन परीक्षणले गल्तिको जानकारी गराउन सक्दैन। यस्तो गल्तिनै सन्तुलन परीक्षणवाट पत्ता नलाग्ने गल्ति हो। यो मूलत निम्न ४ प्रकारको हुन्छ

१. **सैद्धान्तिक गल्तिहरू (Errors of Principle):** हरेक लेखा अभिलेख तयार गर्दा दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसरण गरिन्छ। कुन पक्षलाई डेबिट गर्ने र कुन पक्षलाई क्रेडिट गर्ने भन्ने निश्चित सिद्धान्त र नियम रहेका छन्। तर कारोवारको लेखा राख्दा यी सिद्धान्तहरूको गलत प्रयोग भएमा पनि सन्तुलन परीक्षणको डेबिट र क्रेडिट बराबर नै देखिने हुँदा सन्तुलन परीक्षणले गल्ती पत्ता लगाउन सक्दैन।

२. **छुट सम्बन्धी गल्तिहरू (Errors of Omission) :** लेखा राख्ने क्रममा कुनै कारणवस कुनै कारोवारको भौचर नै बनाउन छुट भएको वा भौचर बनाईसकेपछि खातामा चढाउन छुट भएको गल्तिलाई छुट सम्बन्धी गल्ति भनिन्छ। डेबिट र क्रेडिट दुवैतर्फ चढाउन छुट हुने हुनाले यसले सन्तुलन परीक्षणमा कुनै पनि असर पार्दैन र यस्तो गल्ति सजिलै पत्ता पनि लाग्दैन।

३. **लेखन सम्वन्धी गल्तिहरू (Errors of Commission) :** लेखा राख्ने क्रममा जानी वा नजानी गलत तथ्य लेखिएको अवस्थामा खातामा गल्ति रकम चढाउने वा गलत मौज्दात निकाल्ने वा जम्मा निकाल्दा गलत निकाल्ने आदि अवस्थामा निस्कन्छ। सन्तुलन परीक्षणको डेबिट र क्रेडिट दुवै पक्षको जम्मा रकम बराबर देखिने कारण यस्तो गल्ति पत्ता लगाउन कठिन हुन्छ।

४. **पूरक गल्तिहरू (Compensating Errors):** एउटा गल्तिले अर्को गल्तिलाई ढाकछोप गर्ने अर्थात् खाताको एउटा पक्षमा भएको गल्तिलाई सोहि वा अन्य खाताको अर्को पक्षमा भएको त्यतिनै रकमको गल्तिले क्षतिपूर्ति गर्न सक्दछ भने यस्तो गल्तिलाई पूरक गल्ति भनिन्छ। यस्तो गल्तिमा २ वा २ भन्दा बढी गल्ति पनि एकैसाथ भएका हुनसक्छन्। यस्ता गल्तिले पनि सन्तुलन परीक्षणको दुवै पक्षको जम्माजम्मी रकम बराबंर देखिने हुँदा यस्तो गल्ति पत्ता लगाउन कठिन हुन्छ।

## ४) नाफा-नोक्सान हिसाव (Profit & Loss Account)

नाफा नोक्सान खाता कुनै पनि व्यवसायको एक निश्चित अवधि वा समयमा खुद नाफा वा खुद नोक्सान निकाल्ने वा देखाउने खाता हो। व्यवसाय नाफा अथवा नोक्सान कुन

Question Bank Nepal

अवस्थामा छ भनि थाहा पाउने उद्देश्यले यो खाता तयार गरिन्छ । यो खाता आर्थिक वर्षको अन्तमा तयार गरिन्छ । यसको डेबिट पक्षमा कार्य संचालन खर्च, बिक्री वितरण खर्च तथा आयगत खर्च वा अप्रत्यक्ष खर्चलाई प्रविष्टि गरिन्छ भने आयगत आयलाई क्रेडिटमा प्रविष्टि गरिन्छ ।

**नाफा नोक्सान खाताको उद्देश्य**

१) कुनै निश्चित अवधिको अन्तमा खुद्रा नाफा वा नोक्सानको जानकारी लिन
२) सम्बन्धित पक्षहरूलाई आवश्यक आर्थिक सूचना प्राप्त गर्न
३) खुद नोक्सानी भएमा आगामी वर्षमा खर्च नियन्त्रण गर्न
४) बासलातको तयारीको लागि पूर्वाधार तयार गर्न
५) व्यवसायको आर्थिक कुशलता/दक्षता (Efficiency of firm) जाँच्न

**नाफा नोक्सान खाताको निर्माण प्रक्रिया (Procedure for Preparing Profit & Loss A/C)**

- यस खाताको प्रारम्भ कुल नाफा वा नोक्सानबाट सुरु गरिन्छ । व्यापार खाता Trading account बाट आएको कुल नाफा भए नाफा नोक्सान खाताको क्रेडिट साइडमा र कुल नोक्सान (Gross Loss) भए डेबिट साइडमा लेखिन्छ ।
- त्यसपछि डेबिट साइडमा प्रशासनिक खर्च (Office expenses), बिक्री वितरण खर्च (Sales & distribution expenses) तथा आयगत खर्च (Revenue expenditure) अप्रतक्ष (Indirect expenses) र अन्य खर्चहरू प्रविष्टि (Posting) गरिन्छ ।
- नाफा नोक्सान खाताको क्रेडिट साइडमा आयगत आम्दानी (Revenue income) प्रविष्टि गरिन्छ ।
- यदि नाफा नोक्सान खाताको डेबिट साइड भन्दा क्रेडिट साइड बढी भएमा खुद नाफा (Net profit) हुन्छ । तर क्रेडिट साइड भन्दा डेबिट साइड बढी भएमा खुद नोक्सान (Net loss) हुन्छ । Net profit debit side मा हुन्छ खुद नोक्सान क्रेडिट साइडमा लेखिन्छ ।

**नाफा नोक्सान खाताको नमूना निम्न छः**

**XYZ Company**
**Profit & Loss Account**
for the Year ended ......................

| Particulars | Amount Rs | Particulars | Amount Rs |
|---|---|---|---|
| To Sarlaries | | By Gross profit | |
| To, rent and taxes | | By interest received | |
| To, Printing and stationary | | By Net loss | |
| To, legal charges | | | |
| To, advertisement expenses | | | |

Question Bank Nepal

| | | | |
|---|---|---|---|
| To, discount | | | |
| To, trade expenses | | | |
| To, Net profit | | | |
| etc................. | | | |

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूको लागि जारी गरेको निर्देशनमा ती संस्थाहरूले तयार गर्नुपर्ने नाफा नोक्सान खाता र त्यसमा समावेश हुने शीर्षकहरू तोकिदिएको छ । जस अनुसार नाफा नोक्सान खाताको नमूना र शीर्षकहरूको संक्षिप्त व्याख्या निम्नानुसार प्रस्तुत गरिएको छ ।

.....................लिमिटेड
मिति ...............देखि...............सम्म
नाफा नोक्सान हिसाव

| विवरण | अनुसूची | चालु आ.व. रु | गत आ.व. रु |
|---|---|---|---|
| १ ब्याज आम्दानी | ४.१८ | | |
| २ ब्याज खर्च | ४.१९ | | |
| खुद ब्याज आम्दानी | | | |
| ३ कमिशन तथा डिस्काउण्ट | ४.२० | | |
| ४ अन्य सञ्चालन आम्दानी | ४.२१ | | |
| ५ सटही घटबढ आम्दानी | ४.२२ | | |
| कूल सञ्चालन आम्दानी | | | |
| ६ कर्मचारी खर्च | ४.२३ | | |
| ७ अन्य सञ्चालन खर्च | ४.२४ | | |
| ८ सटही घटबढ नोक्सान | ४.२२ | | |
| सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा | | | |
| ९ सम्भावित नोक्सानी व्यवस्थाहरु | ४.२५ | | |
| सञ्चालन मुनाफा | | | |
| १० गैर सञ्चालन आम्दानी नोक्सान | ४.२६ | | |
| ११ सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता | ४.२७ | | |
| नियमित कारोवारबाट भएको मुनाफा | | | |
| १२ असामान्य कारोवारहरुबाट भएको मुनाफा खर्च | ४.२८ | | |
| सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा | | | |
| १३. कर्मचारी बोनस व्यवस्था<br>१४ आयकर व्यवस्था<br>• यस वर्षको<br>• गत वर्षसम्मको | | | |
| खुद नाफा/नोक्सान | | | |

नोट: अनुसूचीहरू उदाहरणार्थ प्रस्तुत छन् ।

## नाफा–नोक्सान हिसावका शीर्षकहरूको संक्षिप्त व्याख्या

१. **ब्याज आम्दानी:** प्रदान गरेको कर्जा/सापटमा प्राप्त हुनु पर्ने ब्याजलाई नगद प्राप्तीको आधारमा आम्दानी बाँधी यस शीर्षकमा देखाउनु पर्नेछ ।

२. **ब्याज खर्च:** संस्थाले तिर्नु पर्ने ब्याज रकमलाई "ब्याज खर्च" हिसाव शीर्षकमा खर्च लेख्नु पर्नेछ ।

Question Bank Nepal

३. **कमिशन तथा डिष्काउण्टः** आर्जन गरेको कमिशन, सेवा शुल्क तथा डिष्काउण्टको कुल रकमलाई यस शीर्षकमा देखाउनु पर्नेछ ।

४. **अन्य सञ्चालन आम्दानी :** आर्जन गरेको अन्य कुनै पनि आम्दानी यस शीर्षकमा देखाउनु पर्नेछ ।

५. **सटही घटवढ आम्दानी :** विदेशी मुद्रा कारोवार (बट्टा वाहेक) वाट भएको नाफा तथा विदेशी मुद्रा सटही दरमा भएको परिवर्तनको कारणले हुन गएको नाफा/नोक्सानलाई छुट्टाछुट्टै शिर्षकमा देखाउनु पर्नेछ । यस्तो विवरणवाट नाफा देखिएमा मात्र सो रकम यस शीर्षकमा उल्लेख गर्नु पर्नेछ ।

६. **कर्मचारी खर्चः** कर्मचारीहरूको निमित्त भएगरेको खर्चहरू तलव, भत्ता, पेन्सन, उपदान खर्च, सञ्चयकोष थप, तालिम खर्च, पोशाक खर्च, वीमा आदि उल्लेख गर्नु पर्नेछ ।

७. **अन्य सञ्चालन खर्चः** आफ्नो कार्यालय सञ्चालनको सिलसिलामा भएगरेका अन्य सम्पूर्ण सञ्चालन खर्चहरूको कुल रकम यो शीर्षकमा जनाउनु पर्नेछ ।

८. **सटही घटवढ नोक्सानः** सटही घटवढ आम्दानी/नोक्सान हिसावमा देखिएको खुद मौज्दात ऋणात्मक रहेमा यो शीर्षकमा देखाउनु पर्नेछ ।

९. **सम्भावित नोक्सानी व्यवस्थाः** जोखिमयुक्त सम्पत्ति (Risk assets) को लागि राष्ट्र वैंकको निर्देशन वमोजिम राख्नुपर्ने व्यवस्था (Provision) खर्च जनाई यस शीर्षकमा उल्लेख गर्नु पर्नेछ ।

१०. **गैर सञ्चालन आम्दानी/नोक्सानः** प्रत्यक्ष रुपले सञ्चालन संग सम्वन्धित नरहेका आम्दानी तथा खर्चहरू यस शीर्षक अनुसार उल्लेख गर्नु पर्नेछ ।

११. **सम्भावित नोक्सानी व्यवस्थावाट फिर्ताः** जोखिमयुक्त सम्पत्तिहरू (Risk assets) को लागि गरिएको व्यवस्था रकम बढी भएमा बढि भएको रकम फिर्ता आम्दानी (Write back) गर्नुपर्ने अवस्था आएमा यस शीर्षक अन्तर्गत उल्लेख गर्नु पर्नेछ ।

१२. **असामान्य कारोवारहरूबाट भएको आम्दानी/खर्चः** माथि उल्लिखित अन्य शीर्षकहरू वाहेक खुद व्याज आम्दानीको ५ प्रतिशतभन्दा बढी रहेका सबै खर्च तथा आम्दानी यस शीर्षकमा देखाउनु पर्नेछ ।

१३. **कर्मचारी बोनस व्यवस्थाः** विद्यमान कानून वमोजिम खुद नाफावाट तोकिएको प्रतिशतले वोनसको लागि छुटचाउनु पर्ने रकमलाई यस शीर्षक मार्फत नाफा-नोक्सान हिसावमा खर्च जनाउनु पर्नेछ ।

१४. **आय कर व्यवस्थाः** खुद करयोग्य नाफामा लाग्ने आयकर वापतको रकम यस शीर्षकमा खर्च लेख्नु पर्नेछ ।

१५. **खुद नाफा/नोक्सानः** "नाफा-नोक्सान वाँडफाँड हिसाव" को सम्वन्धित वर्षको मुनाफा वा सो वर्षको नोक्सान शीर्षकमा देखाउनु पर्नेछ ।

Question Bank Nepal

## ६) वासलात (Balance Sheet)

कुनै संस्थाको एक निश्चित मितिको पूँजि दायित्व र सम्पत्तिको विवरणलाई वासलात भनिन्छ । यसले संस्थाको कुनै खास मितिको अन्तिम दिनको वित्तिय स्थितिका विवरण प्रस्तुत गर्दछ । व्यापार खाता र नाफा नोक्सान खाता तयार गरिसकेपछि मात्र वासलात तयार गर्न सकिने भएकाले यी खाताहरूलाई संयुक्त रुपमा अन्तिम खाता पनि भनिन्छ । वासलात समतलीय आकारमा वा ठाडो आकारमा बनाउन सकिन्छ । समतलीय आकारमा प्रस्तुत गर्दा बायाँतर्फ पूँजि तथा दायित्व र दायाँतर्फ सम्पत्ति तथा जायजेथा देखाइन्छ । ठाडो आकारमा प्रस्तुत गर्ने हो भने पहिले पूँजि तथा जगेडा तथा दीर्घकालीन दायित्व देखाईन्छ र त्यसपछि स्थायी सम्पत्ति देखाईन्छ । वासालातमा सम्पत्ति, पूँजि तथा दीर्घकालीन दायित्वको जोडसँग बराबर हुनु पर्दछ । समतलीय आकारमा प्रस्तुत गरिने वासलातमा चालु सम्पत्ति र चालु दायित्व समायोजन नगरी कुल रुपमा देखाउने भएकोले ठाडो आकारमा प्रस्तुत गरिने वासलातको अंकभन्दा वढी अंक देखिन्छ ।

वासलत तयार गर्दा निश्चित क्रमबद्धताको आधरमा तयार गर्नु पर्दछ । यसलाई Marshalling of of Assets and Liabilities भनिन्छ । वासलत तयार गर्दा तरलताको आधार (Order of Liquidity), स्थायित्वको आधारमा (Order of Permancy) र मिश्रित आधार (Combined Order) मध्ये कुनै पनि एक क्रममा मिलाएर राख्न सकिन्छ ।

आर्थिक वर्षको अन्त्यमा व्यापार खाता तथा नाफा नोक्सान खाता तयार भै सकेपछि यसलाई तयार गरिन्छ । यो तयार गर्न ट्रायल ब्यालेन्सको सहयोग लिनुपर्दछ । यसलाई वित्तिय स्थिति विवरण (Satement of financial position) पनि भनिन्छ । यसले व्यवसाय वा फर्मको एक निश्चित समयको वित्तिय अवस्था के कस्तो छ भन्ने बारेमा स्पष्ट जानकारी दिने गर्दछ । यो कुनै प्रकारको वहिखाता होइन, यो त केवल एउटा आर्थिक विवरण मात्र हो, जसले वित्तिय अवस्थालाई जनसमक्ष प्रस्तुत गर्दछ । यसमा दुई पक्ष हुन्छ ।

क) सम्पत्ति (Assests)   ख) दायित्व (Liabilities)

**वासलातको उद्देश्य**

१. वित्तिय अवस्थालाई प्रतिविम्वित गर्नु
२. सम्पत्ति र दायित्वको शारांस खिच्नु
३. तरलताको (Liquidity) परीक्षण गर्नु
४. व्यवसायीक स्वरूपता (Solevency) को जाँच गर्नु
५. आर्थिक विश्लेषणका लागि आवश्यक सूचनाहरू प्रदान गर्नु

**सम्पत्ति र दायित्वको वर्गिकरण (Classification of Assets and Liabilities)**

**सम्पत्तिः** वासलातमा एक पक्षमा सम्पत्ति र अर्को पक्षमा दायीत्व हुन्छ । अतः सम्पत्तिलाई पनि वर्गिकरण गरी वासलातमा देखाएको हुन्छ । ती हुन :



Question Bank Nepal

१. **चल अचल सम्पत्ति (Current Assets) :** यस अन्तर्गत निम्न शीर्षक हुन्छन ।
   - i. नगद मौज्दात (Cash in hand)
   - ii. बैंक मौज्दात (Cash on bank)
   - iii. अन्तिम मौज्दात (Closing stock)
   - iv. आसामी (Debtor)
   - v. प्राप्य विल (Bill recievable)
   - vi. अग्रीम भुक्तानी (Paid in advance)
   - vii. सरकारी प्रतिभूतिहरू (Governments securities)
   - vi. पेश्की (Loans and Advances)

२. तरल सम्पत्ति (Liquid Assets) : Stock

३. अचल सम्पत्ति (Fixed Assets) : घर जग्गा, मेशीन औंजार आदि

४. अवास्तविक सम्पत्ति (Fictitious of Nominal Assets) : Goodwill, trademark, Patent right, Preliminary expenses).

**दायित्व** : व्यापार व्यवसायबाट भविष्यमा सम्बन्धित पक्षलाई तिर्नुपर्ने वा फिर्ता गर्नुपर्ने रकमलाई दायित्व भनिन्छ ।

i. स्थायी दायित्व (Fixed Libialities) : Capital

ii. दीर्घकालिन दायीत्व (Long term liabilities) : Debentures or bonds

iii. चालू दायित्व : Creditors, Bills Payable, Bank Overdraft

**वासलातको नमूना**

**Balance sheet of XYZ Co.**

**as at ..........**

| Capital & Liabilities | Ammount Rs. | Assets | Ammount Rs. |
|---|---|---|---|
| - Capital ...... | | - Land ...... | |
| - **Add:** interest on capital ...... | | - Building **** | **** |
| **** | | - **Less:** | |
| - **Less:** Drawing ....... | | - Depreciation **** | |
| **** | | - Furniture net | **** |
| - **Add/Less:** | | - Plant & machinery net | |
| - Net profit/Net loss **** | | - Sundry Debtors | |
| - Lons term loans | | - Investments | |
| - Sundry creditors | | - Stock of goods | |
| - Bills payable | | - Bills receivable | |
| - Short term loans | | - Cash in hand | |
| - Bank overdraft | | - Cash at Bank | |
| - Outstanding expanses | | - Goodwill | |

Question Bank Nepal

## (७) लेखापरीक्षण र यसको महत्व ( Auditing and Its Importance)

लेखारीक्षण एउटा व्यवस्थापन विधि हो । लेखापरीक्षणको अवधारणा पनि Luca Pacioli को Summa De Arithmetica नामक पुस्तक प्रकाशनपछि व्यापक भएको मानिन्छ । Audit शब्दको व्युत्पत्ति ल्याटिन भाषाको Audire शब्दबाट भएको हो जसको अर्थ To hear भन्ने हुन्छ । तर यो अवधारणा पूर्वीय दर्शनमा धेरै अगाडिदेखि प्रचलनमा रहेको कुरा कौटिल्यले सरकारको ढुकुटी प्रयोगमा हुने त्रुटीहरूको उल्लेख गर्दै तिनलाई पत्ता लगाउने र रोक्ने उपायसमेत आफ्नो पुस्तकमा उल्लेख गरेबाट थाहा हुन्छ ।

लेखापरीक्षण भनेको आर्थिक कारोबारसँग सम्बन्धित लेखा, कागजात र अभिलेखहरूको स्वतन्त्र, निष्पक्ष एवम् उद्देश्यमूलक परीक्षण हो । परीक्षणले लेखाको जाँच र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषणलाई जनाउँछ । लेखापरीक्षणको लागि प्रचतिल ऐन, कानुन, नीति, नियम, कार्यक्रम तथा प्रशासनिक निर्णय, आदेश तथा मानदण्डलाई आधार मानिन्छ । लेखापरीक्षणलाई विश्वसनीय र प्रभावकारी बनाउन उद्देश्यमूलकता (Objectivity) पेशागत मान्यता (Professional norms) र निष्पक्षता (Impartiatity) लाई विशेष ध्यान दिनुपर्दछ । यसका लागि लेखापरीक्षण संस्थाले स्वतन्त्र ढंगबाट सो कार्यको योजना गर्ने परीक्षण गर्ने र देखिएको बेहोराबारे प्रतिवेदन दिन सक्ने कानुनी, प्रशासनिक र संस्थागत व्यवस्था हुनुपर्दछ ।

कारोवारमा भएको गल्ती, छलकपट, घोटाला अनियमितता पत्ता लगाई व्यवस्थापनलाई आवश्यक सुझाव दिन लेखापरीक्षण गरिन्छ । लेखापरीक्षणले आर्थिक कारोवारसँग सम्बन्धित लेखा, कागजात र अभिलेखहरूको स्वतन्त्र, निश्पक्ष एवम् उद्देश्यमूलक परीक्षण गरी त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषणलाई जनाउँछ । कानुनी विधि अनुसरण भए नभएको, व्यवसायिकताको पालना तथा नैतिकतासम्बद्ध पक्षहरू ( भ्रष्टाचार, अनियमितता आदि) को परीक्षण एवम् मूल्याङ्कन गर्ने कार्य लेखापरीक्षणले गर्दछ । यसमा भौतिक सामाग्री एवम् व्यवस्थापन कार्यविधि आदिको परीक्षणलाई पनि लेखापरीक्षणकै रूपमा हेरिन्छ (Auditing as a systematic and independent examination of data, statements, records operations and performance of a enterprises for a state purpose) । तथापि लेखापरीक्षणले आर्थिक कारोवारको विषयलाई मूल रुपले समेट्दछ । लेखापरीक्षणका विभिन्न तरिकाहरू रहेका छन् । जसमा १) आन्तरिक लेखापरीक्षण, २) अन्तिम लेखापरीक्षण, ३) कार्यमूलक लेखापरीक्षण, ४) रुजु लेखापरीक्षण, ५) पूर्व तथा उत्तर लेखापरीक्षण आदि प्रमुख रहेका छन् ।

**लेखापरीक्षणको उद्देश्यहरू**

(१) छलकपट पत्ता लगाउनु : नगद मस्यौट, जिन्सी हिनामिनाजस्ता समस्या पत्ता लगाउन निकै कठिन हुन्छ । त्यस्ता गम्भीर समस्या पत्ता लगाउनु पनि लेखापरीक्षणको उद्देश्य हो ।



Question Bank Nepal